## मलंगवा नगरपालिका  खुल्ला दिशा मुक्त क्षेत्र अभियानको प्रगति तथा घोषणा समारोह प्रतिवेदन

## मिति २०७५ माध १८ गते शुक्रवारमा

# खुला दिसा मुक्त घोषणा मिति २०७५ साल माध १४ गते सोमबार

क). अभियानको उद्धेश्य : प्रत्येक परिवारमा स्व लागतमा शौचालय निर्माणको वाताबरण सृजना गर्नु को साथै अति विप्पन लाई सिट पाईप सिमेन्ट र रिङ्क  समेत उपलब्ध गराउने ।

ख) लक्ष्य : प्रति सामुदाय, टोल वस्ती वाटोघाटो तथा परिवारको पूर्ण सरसफाइको वाताबरण तैयार गर्नु  को साथै मानिस को समाजिक सोचमा पनि परिवर्तन लयाउने र नकारात्म सोचको अन्त्य गर्ने ।

**१. यस न.पाको खुला दिसा मुक्त तथा पूर्ण सरसफाई अभियानको शुरुवात :**

राष्ट्रिय सरसफाई गुरु योजना २०६८ ले लिएको लक्ष्य सन २०१७ सम्ममा सिंगो देश नेपाललाई खुला दिसा मुक्त घोषणा गर्ने राष्ट्रिय लक्ष्य सर्लाही जिल्ला सरसफाईको  रणनैतिक कार्ययोजना २०७० ( संशोधित २०७१) अनुसार सन् २०१८ सम्ममा जिल्लालाई खुला दिसा मुक्त घोषणा गर्ने अभियानलाई सफल पार्न यस नगरपालिकाले मंसिर मसान्त भित्र खुला दिसा मुक्त नगर घोषणा गर्ने लक्ष्य रहेको थियो । त्यस अनुरुप यस नगरपालिका मा सरसफाईको लागि पहिलो चरणको कार्यक्रम खुला दिसा मुक्त नगर घोषणा गर्ने अभियानलाई आन्दोलनको रुपमा ल्याउन युनिसेफ नेपालको सहयोगमा र सामुदायिक दिगो विकास सेवा समाज संगको सहजीकरणमा खुला दिसा मुक्त अभियान  मिति २०७५ श्रावण महिनावाट अनौपचारिक प्रक्रियावाट शुरु भयो ।

यस नगरपालिकाको वडा स्तरवाट खुला दिसा मुक्त घोषणा गर्दै २०७४ भित्र मा १२ वटा मध्ये २ वटा ६ र ८ घोषणा भएको थियो र बाकीँ २०७५ श्रावण मसान्त देखि मलंगवा नगरपालिका बाकीँ वडा संगै मलंगवा नगरपालिका लाई नै  खुला दिसा मुक्त घोषणा गर्ने अठोट रहेको थियो । तर विभिन्न अडचन तथा व्यवधानहरुको उत्पन्न भएर पनि  कार्तिक १६ गते शुक्रबार का दिन मलंगवा नगरपालिका का ४ वटा वडा २,३,४,र ५ लाई मात्र घोषणा गर्न मा सफल भयो । त्यस अनुसार पुनः मसिर ३ गते विश्व सौचालय दिवस लाई लक्षित गरेर लक्ष्य लिएको  थियो । तर वडा स्तरवाट स्थानीय जन सामुदायको जन सहभागितावाट एक घर एक चर्पी स्वच्छ वनाउ यस नगरको धर्ती मुल नाराको साथ सर्लाही जिल्लाको  चौधौ नगरपालिकाको रुपमा खुला दिसा मुक्त घोषणा गर्ने प्रतिबद्धता अनुरुप कार्यहरु शुरु भएको हो । यस सर्लाही जिल्लाको चौधौ स्थानियतहको रुपमा मलंगवा न. पा माध १४ गते सोमबारका दिन खुला दिसा मुक्त  क्षेत्र घोषणा भई अभियानलाई सफल बनाउनमा सहज भएको थियो ।

**२. खुला दिसा मुक्त अभियानको क्रममा भएको चरणबद्ध क्रियाकलापहरु :**

क) नगरस्तरीय सरसफाइ समन्वय समितिको अभिमुखिकरण तथा नियमित बैठक ।

ख) वडा स्तरीय सरसफाइ समन्वय समिति गठन तथा नियमित बैठक ।

ग) घर धुरी सर्वेक्षण र शौचालय भएको नभएको घरधुरी छनौट ।

घ) विधालय सरसफाई तथा शिक्षक विधार्थी सरसफाई अभिमुखिकरण र विधार्थी ऱ्याली ।

ङ) वडा स्तरीय राजनैतिक दल समन्वय सहकार्य बैठक तथा जन सहभागिता ।

च) टोल वस्तीमा संध्याकालिन जनचेतना मुलक कार्यक्रम ।

छ) जोखिम स्थानमा सिटी वजाउने । समितिवाट घरदैलो कार्यक्रम ।

ज) गर्भवती तथा दुध खुवाउने महिलाहरुको सरसफाई गोष्ठी ।

झ) वडा स्तरीय समिक्षा गोष्ठी । झ) माईकिङ्ग, भिडियो प्रदर्शन ,पोष्टर, एफ एम, पत्र पत्रिका जस्ता क्रियाकलापहरुवाट ९९.९% प्रतिशत प्रगति भएको देखियो ।

ञ) अन्तमा नगरपालिका स्तरीय मोवाइल टोली गठन तथा परिचालन ।

ट) दवावमुलक कार्यक्रममा प्रहरी परिचालन र दण्ड जरिवाना ।

ठ) असहाय अति विपन्नहरुको लागि पालिका बजेट बाट चर्पी सामग्री सहयोग वितरण ।

ड) राजनैतिकदलहरुवाट पटक पटक अनुगमन । ड) पत्रकार अनुगमन

च) डि वासवाट अनुगमण तथा प्रमोशन ।

छ) प्रज्जवलकहरु लाई एक दिने अभिमुखिकरण तालिम ।

३. घर धुरी तथा जन संख्या :

सर्लाहीको रुप नगरपालिकाको अभिलेख अनुसार रहेको घरधुरी

जम्मा घरधुरी संख्या = ८०२०

सरसफाईको दौरानमा सर्वे गरेको आधारमा घरधुरी संख्या = ८०२० जस मध्ये नरहेको र वाकी घरधुरी ७१२

जनसंख्या = ४६५१६ मध्ये १४७०० महिला तथा १३२५२ पुरुष छन् ।

- अभियान अघिको शौचालय भएको घरधुरी संख्या = ७३००
- अभियान अघि शौचालय नहुने घरधुरी = ७२०
- खुद शौचालय नभएको संख्या = ०८
- अभियान अबधिमाबृद्धि भएको शौचालय परिवार = =७३००+७१२+०८ =८०२०

  पुरानो शौचालय पुर्ननिर्माण भएको संख्या -१८
- अभियान पछिको शौचालय भएको घरधुरी संख्या = ८००२
- साझेदारीरुपमा प्रयोग हुने घरधुरी संख्या = ०

**जम्मा शौचालय प्रयोग हुने परिवार सं** = ८००२

सामुदायिक शौचालयको पहुँच : वडा न. २,९ र १० को मलंगवा नगरपालिका नयाँ बस स्टैण्ड र पुरानो बस स्टैण्ड र जिल्ला प्रशासन कार्यालय नजिक आगन्तुक र केही जग्गा विहिन परिवारले तत्काल वडा नं २ अगाडि रहेको सार्वजनिक सौचालय प्रयोग गरेको छ र केही एक अर्का को प्रयोग गरेको छ ।

यसको साथै प्रहरी चौकी, स्वास्थ चौकीहरुमा पनि अभियानको दौरानमा शौचालयहरु निर्माण भएको छ भन्ने वजार तथा चौक क्षेत्रमा पसल तथा व्यापारको लागि टहरा भाडामा लिएर बसेको ठाँउमा र विभिन्न वडा का सार्वजनिक स्थलहरुमा २० वटा सार्वजनिक शौचालय निर्माण २०७६ मा हुनेछ ।

**३) वडा स्तरको समयाधिको आधारमा वडाको १००% को आधारमा स्थानमान कायम भएको**

| क .स. | स्थानमान | वडा न. | घर धुरी | शौचालय भएको | साझेदारी प्रयोगमा रहेको | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पहिलो | १ | 266 | 266 | ० | 266 | २०७५ माध १४ सोमबार गते घोषणा भएको |
| २ | दोश्रो | २ | 638 | 638 | ० | 638 | २०७५ कार्तिक १६ गते |
| ३ | तेश्रो | ३ | 1112 | 1112 | ० | 1112 | २०७५ कार्तिक १६ गते |
| ४ | चैथो | ४ | 753 | 753 | ० | 753 | २०७५ कार्तिक १६ गते |
| ५ | पाँचौ | ५ | 711 | 711 | ० | 711 | २०७५ कार्तिक १६ गते |
| ६ | छेठौ | ६ | 914 | 914 | ० | 914 | २०७४ भित्र |
| ७ | सातौ | ७ | 810 | 810 | ० | 810 | २०७५ माध १४ सोमबार गते घोषणा भएका |
| ८ | आठौं | ८ | 469 | 469 | ० | 469 | २०७४ भित्र |
| ९ | नवौं | ९ | 486 | 486 | ० | 486 | २०७५ माध १४ सोमबार गते घोषणा भएका |
| १० | दशौ | १० | **671** | **671** | ० | **671** | २०७५ माध १४ सोमबार गते घोषणा भएका |
| ११ | एधारौ | ११ | 640 | 640 | ० | 640 | २०७५ माध १४ सोमबार गते घोषणा भएका |
| १२ | बाह्रौ | १२ | 550 | 550 | ० | 550 | २०७५ माध १४ सोमबार गते घोषणा भएका |
| | जम्मा | | **8020** | **8020** | ० | 8020 | ८ जना घरमा चर्पी नभएको । |
| | प्रतिशत | | | | | ९९.९% | |

<u>४. चार किल्ला :</u>

यस मलंगवा न.पा को पूर्वमा ब्रह्मपुरी गा पा ,पश्चिममा कौडेना गाँउ पालिका उत्तरमा कविलाषीँ न.पा. दक्षिणमा भारतको सिताकढी जिल्लाको सोनवर्षा प्रखण्ड ती चार किला भित्र रहेका का मध्ये तिन वडा स्थानिय तह खुला दिशा मुकत क्षेत्र घोषणा भएको र एउटा ब्रह्मपुरी गा.पा खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने बाकी रहेको छ । यस क्षेत्र भित्रको सवै ८०२० घरधुरीमा एक घर एक चर्पी अनुसार जम्मा ८०२० घरधुरीमा

चर्पी निर्माण भएको र बाकीँ १८ वटामा जग्गा अभाव को कारणले गर्दा चर्पी निर्माण हुन नसकेको कारण प्रयोगमा नरहेको ।

**५) सार्वजनिक शौचालय :** यस नगरपालिका मा हालको अवस्थामा सवै ठाँउमा चाहिने जती सार्वजनिक शौचालय नभए पनि केही आवश्यक सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयको व्यवस्था भई सकेको छ। वडा न. २,९ र १० को मलंगवा नगरपालिका नयाँ बस स्टैण्ड र पुरानो बस स्टैण्ड र जिल्ला प्रशासन कार्यालय नजिक आगन्तुक र केही जग्गा विहिन परिवारले तत्काल वडा नं २ अगाडि सार्वजनिक शौचालयको व्यवस्था रहेको छ।

**६) संघ संस्था तथा विद्यालयहरुमा शौचालय :**यस नगरपालिकामा सामुदायिक विद्यालय १२ वटा छन् भने निजि विद्यालय पनि ३३ वटा गरी जम्मा ४५ वटा शिक्षण संस्थाहरु रहेका छन् । सवै विद्यालयहरुमा शौचालयको व्यवस्था भएको छ। प्रा.वि. हरुमा शौचालय नपुग अवस्थामा रहेको गुणस्तरीय शौचालयहरुको कमी रहेको छ। ४५ वटा सामुदायिक विद्यालय मध्ये पब्लिक मा.वि. र कृष्णा देवी उच्च मा.वि मा सरसफाइ राम्रो भए पनि अरु विद्यालय हरुमा सरसफाइ अव्यवस्थीत रुपमा रहेको छ।

७) अभियानको सफलता :

नगरपालिका र गा.वि.स.को वाताबरण फरक हुन्छ। क्षेत्रफल पनि ठुलो घरधुरी लगायत जन संख्याको चाप सामुदायिक विविधता तथा जातजाती लगायत संस्कृति तथा धार्मिक मान्यता पनि सामुदाय अनुसारको फरक रहेको हुन्छ। राजनैतिक वाताबरण समेत फरक हुन्छ। त्यसैले गा.वि.स. जस्तो सहज र सरल नगरपालिकाको खुला दिसा मुक्त गर्न सम्भव हुदैन। यस नगरपालिकामा खुला दिसा मुक्त गर्नमा सफलता हासिल गर्नमा यी मुख्य सकारात्मक पक्ष रहेको हाम्रो अनुभव छ।

१) अभियान संचालनको लागि चाहिने रणनिति तथा स्थानीय संरचना ,

२) समन्वय र सहकार्य

३) राजनैतिक प्रतिबद्धता

४) आपसी सहयोग

५)समाजिक सोच मा परिर्वतन

६)घर आगन नगर सफा र स्वच्छ का कारण विभिन्न सरुवा रोग को रोक थाम ।

**१) अभियान संचालनको लागि चाहिने रणनिति तथा स्थानीय संरचनाः**

यस अन्तरगत नगर स्तरीय सरसफाइ समन्वय समिति पर्दछ भने नगर सामुदायको लागि वडा वास समितिको ठुलो महत्व रहेको हुन्छ । टोल सामुदाय र बस्तीमा यो समितिको नेतृत्व तथा परिश्रम विना सहयोग यो कार्य असम्भव हुने हाम्रो अनुभव रहेको छ। त्यस भित्र पनि टोल विकास समितिहरुसंग सहकार्य गर्दा तिव्रता ल्याउन सजिलो का साथै प्रज्जवलक र प्रहरीको परिचालन कार्य मा जोड दिने ।

२) **समन्वय र सहकार्य** : खुला दिसा क्षेत्रको लागि चाहिने एक घर एक चर्पीको आधार बनाउन सवैको घरमा मापदण्ढ अनुसारको कमतीमा एउटा चर्पी हुनु पर्दछ भन्ने मान्यता हो । यसको लागि आर्थिक खर्चको आवश्यक्ता हुन्छ , जग्गा वा ठाँउको आवश्यक्ता हुन्छ । तराइमा घर माथि घर भएको एउटै वावुको ५ छोराको घर अटाउन जग्गा पुगेको हुदैन र त्यसमा पनि शौचालय बनाउनु पर्नेमा टाँउको दुखाइ हुन्छ । यसतो अवस्थामा सहज गर्न गराउन यी पक्षहरुसंगको समन्वय र सहकार्य हुनु अति जरुरी महशुस गरी ती सवै पक्षसंग सहकार्य तथा समन्वयको वाताबरण तैयार गरियो ।

क) स्थानीय अगुवा तथा नगरको मुखिया :

ख) स्थानीय महिलाहरुको समुह

ग) स्थानीय साहु महाजनवाट कर्जा सहुलियत

घ) लघुवित संस्थाहरु तथा ऋण वितरक संस्थाहरु

ङ) सहयोगी दात्र संस्थाहरु

च) दानवीर वा दाताहरु

छ) शौचालय साम्रगी उत्पादक तथा सप्लार्य

ज) स्थानीय सुरक्षा निकाय

क) नगरको अगुवा व्यक्तीहरुको सकृय सहयोगले वार्ड वास सी सीको अगुवाइमा सवैवडाको अभियान सफलता साथ संचालन भइ सहजै ९९% पुग्यो । त्यस पछि गरीव , अटेर , जग्गाको समस्याहरु तथा असहायहरुको घर वाकी रहेकोमा मोवाइल टोलीको प्रतिबद्धता तथा लगनशिलतामा शतप्रतिशत पुरुयाउन ठुलो भुमिका निर्वाह गरेको छ ।

ख) **साहु महाजन** नगरको साहु महाजनहरुले व्याजमै भए पनि रकम उपलब्ध गराई शौचालय निर्माणमा सहयोग पुगेको छ ।

ग) **पुरक सहयोगी दात्री संस्था** : यस नगरपालिका लाई खुला दिसा मुक्त घोषणा गर्नमा पुरक सहयोगी दात्री संस्था युनिसेफ नेपालको पनि ठुलो भुमिका रहेको छ । त्यस संस्थाले शौचालय निर्माण तालिम दिएर स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन गरेको छ भने ४ वटा सामुदायमा सामुदाय सरसफाईको कार्यक्रमवाट शौचालय निर्माणमा समेत प्रभाव परेको छ । त्यसै गरी मलंगवा नगरपालिका मा रिङ्ग सिट पाईप सिमेन्ट जस्ता कार्य र थप प्रजवलक हरुमा लयायत कार्यमा जम्मा १५६०००००/-अनुदान शौचालयमा पूर्ण रुपमा सहयोग गरेको छ ।

ङ) **दानवीर वा दाताहरु** : उपरोक्त सहयोगको बावजुद पनि अति विपन्न तथा असहायहरु छुटन गएको त्यसता परिवार करीव वडा का वजेट तथा केही वडा अध्यक्ष दिने दानवीरहरु पनि निस्कदै गएको स्वस्फुर्त केही आर्थिक सहयोगहरु थप भयो ।

दानीहरुको सुची यस प्रकार रहेको छ ।

१)	मलंगवा केही वडा अध्यक्षहरु ले केही परिवारलाई आफनो तर्फ बाट बालुवा र १०० इट्टा सहयोग गरेको छ ।

**च) प्रहरीको सहयोग तथा सहकार्य :** मोवाइल टोलीलाई समेतलाई नटेरने अटेरहरुलाई दवाव दिनको लागि इलाका प्रहरी कार्यालयको अमुल्य सहयोग तथा योगदान रहेको छ । प्रहरी जवान खटाई अटेरहरुलाइ समात्ने र कागज गराई समय दिएर अटेरहरुको घरमा शौचालय निर्माणको कार्य सम्पन्न भएको छ ।

अतः एक घर एक चर्पीको मान्यतावाट यस नगरपालिकामा ती अति विप्पन जग्गा विहिन परिवार वाहेक सवै घर धुरीमा चर्पीको पहुँच भइ सकेकोमा यस अभियानमा लागेको सम्पूर्ण अभियान्ताहरुलाई यस केन्द्रले धन्यवाद ज्ञापन गर्दछ ।

**८) अभियान सफल पार्न सहयोगीहरुवाट प्राप्त सहयोग :**

८.१. **समिति बैठक :** यस अभियानको दौरानमा ( M –WASH- CC)कोसमय समयमा पटक पटक बैठक वसी अभियानमा देखिएको समस्याहरु संकलन गर्दै निर्णय प्रक्रियावाट समस्याहरु उपाय खोजी गरी समस्याहरु सामाधन गर्दै अभियानलाई सफल बनाउनमा स्थानीय जन सामुदायको जन परिचालनको परिणामवाट यो सफलता हासिल भएको छ ।

८.२. **विधालयको योगदान** : धन्यवाद छ विद्यालय.परिवारहरुलाई जसले विधार्थीहरुको परिचालन गरीऱ्याली जुलुसको माध्यमवाट गाँउ टोल वस्तीमा सरसफाई तथा खुला दिसा मुक्तकोप्रचार प्रसार गरेर चेतना सन्देश फैलाउनै जस्ता अतुल्य सहयोग प्रदान गरेको छ ।

८.३. **जनचेतना मुलक क्रियाकलापहरु** : समिति, प्रहरी र अभियान्ताहरुको सहभागितामा टोल टोलमा वस्ती बस्तीमा सन्ध्याकालिन कार्यक्रमहरु गर्दै डगर वाटो सरसफाई गर्दै वाइनर पोष्टर, भिडीयो प्रदर्शनीवाट जनचेतनामुलक क्रियाकलापहरु संचालन गरियो ।

८.४. **वाल क्लवको योगदान :** वाल क्लव टिम जसले अहोरात्र खुला दिसाको विरुद्धमा जोखिम ठाँउहरुमा विहान वेलुका राती ४ वजेवाट सीटी वजाएर यो अभियानलाई सफल गर्न अमुल्य सहयोग रहेको छ ।

८.५. **वडा वास समिति** : समितिका पदाधिकारीहरु यो अभियानको अबधिमा आफनो काम काजलाई त्यागेर घरघरमा पटक पटक गएर सम्झाउने, कतिपै ठाँउवाट गाली समेत सुनेर, विभिन्न आरोप प्रतिआरोपहरुलाई सहेर निर्नतर प्रयास गर्दै विभिन्न वर्गहरुवाट सहयोग लिदै अभियानमा सफलता सफल भएको छ ।

८.६. **गर्भवती तथा दुध खुवाउने महिलाहरुको सरसफाई गोष्ठी** : गर्भवती तथा दुध खुवाउने महिलाहरुलाई सरसफाई सम्बन्धि गोष्ठीको आयोजना गरी गर्भमा रहेको वच्चालाई खुला दिसाले कस्तो असर परीरहेको तथा आमालाई पनि पर्ने प्रभावहरुको विषयमा दृश्य प्रर्दशन तथा घटनाहरुको प्रर्दशनीवाट जनचेतना जगाइयो र सरसफाई प्रति स्व चेतनाको विकास गर्नमा सहयोग भयो ।

८.७. **युवा परिचालन** : युवा टिम तथा खेलकुदमा आबद्ध युवाहरुको सकृय सहयोगको धन्यवाद दिन चाहन्छु जसले आफनो क्षेत्रको अभियानमा राती तथा विहान जोखिम क्षेत्रमा खुला दिसा नियन्त्रण गर्न अमुल्य सहयोग पुर्याएको थियो ।

८.८ **स्थानीय नागरिकको सहभागिता र जन परिचालन** : कुनै पनि क्षेत्र वा नगर खुला दिसा मुक्त घोषणा गर्नमा स्थानीय जनसहभागिताको सव भन्दा ठुलो भुमिका रहेको हुन्छ । जुन सामुदायको जन सहभागिता राम्रो हुन सके वा सहज गर्न सके त्यो सामुदायमा सजिलै र गुण स्तरीय शौचालय निर्माण भई सरसफाई पनि राम्रो हुने गरेको अनुभव रहेको छ । जस्मा नागरिक वडा मन्चको नेतृत्वमा संचालन हुने र सवै पक्षको सहभागिता हुनु अति आवश्यक रहेको अनुभव छ ।

८.९. **प्रहरी प्रशासनको सहयोग र योगदान** : राती राती कार्य गर्ने अभियान्ताहरुलाई वल दिनुको साथै हिम्मत बढाउदै संगै अभियानमा कदममा कदम मिलाएर सहयोग गर्ने प्रहरी टिमलाई धन्यवाद दिनै पर्छ भने  जनचेतनाको असर नपर्ने तथा बुझ्रेर, बुझ पचाउने अटेर व्यक्तिहरुलाई समातेर भए पनि समयमा शौचालय निर्माण गर्न लगाएर सहयोग गरेकोमा नगरपालिका सरसफाइ समितिको तर्फवाट धन्यवाद ज्ञापन गर्दछ ।

८.१०. **आन्तरीक अनुगमण** : एम वास सी सी तथा राजनैतिक दलको प्रतिनिधीहरुवाट पटक पटक आन्त्रीक अनुगमणले चर्पी निर्माणमा गुण स्तर कायम गर्न तथा १००% घरमा चर्पीको पहुँच पुर्याउनमा अहम भुमिका तथा अभियान कर्ताहरुलाई समय समयमा दिएको मार्ग दर्शन र निर्देशनवाट सफल भएको छ ।

८.११. **पत्रकार अनुगमण** : पत्रकारहरुको पटक पटक अनुगमणवाट सामुदायमा शौचालयको निर्माणको वाताबरण तैयार हुनमा प्राप्त सहयोगले अभियान सफल भएको छ ।

८.१२ **अनुरोध** :नगरक्षेत्र खुला दिसा मुक्त घोषणाको लागि सम्बन्धित निकाय D Wash CC वाट नगरपालिका स्तरीय प्रमाणिकरण अनुगमण गर्न आवश्यक पहल गर्न वा वाताबरणको लागि कञ्चनरुप नगरपालिकालाई लगायत सम्बन्धित सरोकारवाला, M Wash CC लाई अनुरोध  गर्दै यो प्रगति प्रतिवेदन  यहाँ समक्ष पेश गर्न गरेको छु ।

८.१३. **प्रमाणिकरण अनुगमण :**

क) मिति २०७५ कार्तिक ८ गते वसेको एम वास सी सी को बैठकको निर्णय बमोजिम मिति २०७५ कार्तिक १० गते सोमवारको दिन डि वास टिमवाट अनुगमण गरियो । जसमा एम वास, पत्रकार तथा डि वासको प्रतिनिधि लगायत जम्मा ८० जनावाट गम्भीर अनुगमण भयो र कमी कमजोरीहरुको विषयमा सल्लाह सुझाव प्राप्त भयो । जसमा केही घरहरुमा अधुरो तथा ढोकाहरु नभएको र कतै कतै घेरा वेरा समेतमा कमी देखिएको र कतै कतै अधुरो चर्पी बनेको तथा कतै कतै रिङ्गहरु वाहिर भेटीएकोले ले ५ दिनको समय दिएर पुरा गर्न अमूल्य सुझावको साथ बैठक समापन भयो ।

ख) **प्रमाणिकरण अनुगमणको प्रभाव** : यस अनुगमणले यस नगरपालिकामा अनुगमण माँग गरेको वेलामा १०५ घर धुरीमा साझेदार रहेको थियो भने अनुगमणको प्रभावले ५५ परिवारमा छुटा छुटै चर्पीको निर्माण भई सेप्रेट चर्पी भयो र ५० परिवारमा सिमित भएका छन् ।

ग) **फाइनल प्रमाणिकरण :** उपरोक्त सुझावको आधारमा रहेको कमीकजोरीहरु सुधार गरी एम वास सी सी वाट अनुगमणको लागि पुनः अनुरोध गरेको आधारमा यहि मिति २०७५ साल माघ १२ गतेका दिन डि वास सी सीको टिमवाट पुनः अनुगगमण गरीयो र प्रमाणिकरण भयो ।

९) **चुनौती र समस्याहरु :**

कुनै पनि क्षेत्रको खुला दिसा मुक्त घोषणा गर्न त्यति सहज छैन । यसमा हरेक क्रियाकलापहरु संचालन गर्न बडो सावधानी पूर्वक संचालन गर्नु पर्छ र त्यसको वावजुद पनि समस्याहरु आएको आएकै हुन्छ । त्यसमा पनि जती ठुलो क्षेत्र हुन्छ, त्यति धेरै समस्याहरु देखा पर्न सक्छ । यस कञ्चनरुप नगरपालिकालाई घोषणाको स्थितिसम्म पुरुयाउन तोकिएको समय सिमा भित्र हुन नसकेको यी निम्न लिखित समस्याहरुसंग जुध्नु परेको अनुभव छ ।

क) **जनचेतनामा कमी :**

नेपालमा अझै रुढीवादीको अवस्था छदैछ । चर्पीको महत्व बुझाउन अझ वाकी रहेको छ । चर्पीको शौच भन्दा खुला ठाँउमा शौच गर्ने मानिसहरु रुचाउछन् । पुरानो तथा बृद्ध मानिसहरुलाई शौचालय भित्र दिसा नै हुदैन । यसले पनि समस्या पारेको हुन्छ । अर्को तर्फ एउटै शौचालयमा सासुरा, जेठाज्यु तथा बुहारी भाइ बुहारी कसरी दिसा गर्न जाने जस्ता रुढीवादी छदैछ ।

ख) **राजनैतिकअस्थिरता :** यसले सवैपक्षलाइ प्रभाव पार्छ । एउटा त देशकै राजनैतिक अस्थिरताको वाताबरणले उत्पन्न हुने बन्द हडताल, आन्दोलनले प्रभाव पार्छ भने अर्को स्थानीय राजनैतिक असहमति विवादको कारणले तालाबन्दी , कामकाज ठप गर्ने जस्ता बाताबरणले क्रियाकलाप संचालन गर्न सम्भव हुदैन । अनौपचारिकरुपले संचालन भएको क्रिकलापहरु पनि प्रभाव विहिन भएर निष्परिणाम हुन्छ । यसतो अवस्थामा स्थानीय राजनैतिक सहमति गर्न गराउन निकै कठिन हुन जान्छ र कार्यक्रममा सोझै प्रभाव परेको हुन्छ । यसले समय पनि लिन्छ र खर्चको पनि लिमिट नघाउछ ।

ग) **गरीवी** : गरीवी पनि एउटा मुख्य तत्व हो अभियानलाई असर गर्ने । कतिपय घरपरिवारलाई घर हुदैन, ठाँउ हुदैन, त्यसतो परिवारलाई शौचालयको महत्व बुझाए पनि बालुवामा पानी हाले जस्तो हुन्छ । किनकी उसको पहिलो प्राथमिक्ता हो आवासको स्थिरता । धेरै भुमिहिन परिवारहरुको झुपडी नहरको डिल, सडकको पेटी वा अरुको जग्गामा हुन्छ । त्यस परिवारहरुलाई नहर डिभिजनवाट र सडक विभागवाट घर भत्काउने आदेश भएको हुन्छ भने, अरुको जग्गामा बस्नेलाई घर उठाउन मुद्धा चलेको हुन्छ । यो अवस्थामा पनि एक घर एक चर्पीको नारावाट गरिने अभियान सफल गर्न निकै समस्या हुन्छ ।

घ) **गरीवको लागि सम्बन्धित निकायले विनियोजन गरेको अपुग वजेट** : यो नपुग बजेटले पनि ठुलो समस्या ल्याएको हुन्छ । यसता अति विपन्न तथा भुमिहिन, अपाँङ्ग, असहायहरुको स्पष्ट तथ्याँक विना नगर परिषद वा गाँउ परिषदवाट पास गरी विनियोजन गरेको नपुग वजेटले शौचालयको लागि सहयोग नपुग हुँदाको अवस्थामा पनि राजनैतिक विवाद भई समन्वय भएको वाताबरण पनि असहमतिमा परिणत भई समयमा अभियान सफल हुन नसक्ने हुन्छ ।

ङ) **मौषम** : खुला दिसा मुक्त अभियानलाईप्रभाव पार्ने अर्को कारक तत्व हो मौषम । वर्षाको समयमा पानी जमेर शौचालय निर्माण कार्यमा प्रभाव परेको हुन्छ  तर समय वा तोकेको दिन विती रहेको हुन्छ ।

यसरी यी उपरोक्त विविध कारक तत्वहरु खुला दिसा मुक्त अभियानमा प्रत्यक्ष सम्बन्ध भएको कारणले खुला दिसा मुक्त अभियान समय भित्र सफल हुन नसक्ने अवस्था भएको हो । जसको फलस्वरुप कर्मचारी तथा अभियानताहरुमा मानेवलमा ह्रास र बजेट खर्चमा बद्धि भएर आर्थिक समस्याको सामना गर्नु परेको छ ।

**१०) खुला दिसा मुक्त घोषणा समारोह :**

उपरोक्त क्रियाकलापको साथै अथक प्रयास तथा न चिताएको समस्याहरुको सामना पश्चात यस मलंगवा नगरपालिकाको खुला दिसा मुक्त घोषणा गर्ने दिन आयो । जसमा वडा स्तरको अभियानकर्ता देखि लिएर नगरपालिका स्तरको र जिल्ला स्तरको सवै सरसफाई प्रेमीहरुको साथै युनिसेफ नेपाल संस्था लाई धन्यवाद दिन चाहन्छु । विशेष धन्यवाद  प्रमुख कार्यकारी अधिकृत श्री होम नाथ सुवेदी ज्युलाई अर्पण गर्न चाहन्छु । वहाँको सकृयताले गर्दा यो सफल भएको हो । यो घोषणा समारोहको प्रमुख अतिथि डि वास सी सी अध्यक्ष तथा वरिष्ठ अतिथि जिल्ला खानेपानी डिभिजन प्रमुख  श्री अनिल केसरी ज्यु हुनु हुन्थ्यो र वहाँवाट तपसिलको ४ किला सहितको घोषणा पत्र वाचन गरेर मलंगवा नगरपालिकालाई सर्लाही जिल्लाको १५ औ खुला दिसा मुक्त नगरपालिकाको रुपमा घोषणा गर्नु भयो ।

# घोषणा - पत्र

पूर्वमा ब्रह्मपुरी गाँउपालिका ,पश्चिममा कौडेना गाँउ पालिका उतरमा कविलाषी नगरपालिका र दक्षिणमा भारतको विहार राज्य तथा मलंगवा नगरपालिका जिल्लाको सदरमुकाम नगरपालिका २०७५ माघ १४ गते सर्लाही जिल्लाका १५ औ स्थानिय तहको रुपमा खुल्ला दिशा मूक्त घोषणा भएको र यस जिल्लाको पहिलो खुला दिसा मुक्त स्थानिय तह बलरा नगरपालिकालाई खुला दिसा मुक्त क्षेत्र घोषणा भएको थियो ।

आज मिति २०७५ साल माघ १४ गते सोमबारका दिन शुभम् ।

प्रमुख अतिथि
श्री मेथुर चौधरी

जि.स.समिति सभापती
डि- वास -सी सी अध्यक्ष सर्लाही

१०) मलंगवा न.पा. खुला दिसा मुक्त अभियानको खर्च फाँटवारी अनुसुचीमा एक्सलसीटमा देखाइएको छ ।

प्रतिवेदन

सहयोगी संस्था : युनिसेफ नेपाल/एम वास सी सी मलंगवा , सर्लाही





D-wash-cc , M-wash-cc र w-wash-cc को टिम बाट पुर्व अनुगमन






प्रवज्जलकहरु लाई खानेपानीको इन्जिनियर शिव शंकर रौनियार बाट काम गर्ने  तरिका बारे सुझाव














M-WASH-CC / W-WASH-CC गठन र समिक्षा बैठकहरु






W-WASHC-CC को गठन र समिक्षा बैठक र दिन रात गस्ती र भिडियो प्रर्दशन को फोटोहरु



D-wash -cc को अध्यक्षबाट  मलंगवा नगरपालिकालाई खुला दिशा मुक्त घोष्णा हुदै




MALANGWA NAGARPALIKA ODF DECLARATION PHOTO